Buddhist Council of NSW
Working for the Buddhist Community

# हृदयदेखिको उलुरु वतव्यलाई बौद्ध प्रतिक्रिया

*२ सेप्टेम्बर २०२३ मा सिडनीको बुद्धिस्ट काउन्सिल अफ एनएसडब्लूद्वारा आयोजित कार्यशालामा विविध बौद्ध समुदायका प्रतिनिधिहरूद्वारा विकसित।*

**निमन्त्रणा**
हृदयदेखिको उलुरु वतव्यमा अस्ट्रेलियाका मुलवासी (फर्स्ट नेशन्स) हरुले संविधानमा समावेश गरिएको आवाज, अष्ट्रेलियाको इतिहास र सरकारहरू तथा मुलवासी (फर्स्ट नेशन्स) मानिसहरूबीच सम्झौता गर्ने प्रक्रियाको बारेमा सत्य बोल्न आह्वान गरेका छन्। उनीहरूले हामी सबैलाई राम्रो भविष्यको लागि अस्ट्रेलियाली जनताको आन्दोलनमा उनीहरूसँगै हिँड्न आमन्त्रित गरेका छन्।

**हाम्रो इतिहास**
अस्ट्रेलियाका मुलवासी (फर्स्ट पिपुल्स) हरू निरन्तर चलीरहेको संसारको सबैभन्दा पुरानो संस्कृति हो, उनीहरु यहाँ ६० हजार वर्षभन्दा बढी समयदेखि बसोबास गर्दै आएका छन्। सन् १७८८ देखि औपनिवेशिकताका प्रभावहरू - नरसंहार, तिनीहरूको भूमिको बेवास्ता, तिनीहरूका छोराछोरीहरूलाई जबरजस्ती हटाउने र तिनीहरूको संस्कृति र भाषाहरू अभ्यास गर्न प्रतिबन्धहरू – ले तिनीहरू, तिनीहरूको परिवार तथा समुदायहरूमा प्रभाव जारी राखेका छन्। आक्रमणकारीहरू र मुलवासी (फर्स्ट नेशन्स पिपुल्स) हरू बीच कुनै सन्धि नभएका कारण, भूमिहरू कहिल्यै हस्तान्तरण भएनन्। तिनीहरूले आफ्नो संस्कृति कायम राख्दै, तिनीहरूको भाषाहरू पुनर्स्थापित गर्दै र समकालीन अष्ट्रेलियामा आफ्नो स्थान स्थापित गर्दै, तिनीहरू सहनशक्तिवान हुँदा पनि धेरै मुलवासी (फर्स्ट नेशन्स पिपुल्स) हरू अझै पनि सीमान्तकृत छन् र भेदभाव तथा संस्थागत नस्लवादको अधीनमा छन्, जसको परिणामस्वरूप स्वास्थ्य, शिक्षा र सम्पत्तिमा खराब नतिजाहरू छन् र उच्च दरको असमान कारावास भोगीरहेका छन्।

**हाम्रो सांस्कृतिक विविधता**
अष्ट्रेलियाका बौद्ध समुदायहरू धेरै देशहरूबाट आएका छन् र धेरै भाषाहरू बोल्छन्। हामी मध्ये धेरै शरणार्थी वा आर्थिक आप्रवासीको रूपमा हाम्रो मूल देशहरू छाडेर आफूलाई स्थापित गर्न तथा हाम्रो संस्कृति जगेर्णा गर्नलाई अष्ट्रेलियामा आएका छौं जसलाई हामी अहिले हाम्रो देश भन्दछौं। हामीलाई आदिवासी अष्ट्रेलियालीहरूसँग संलग्न हुने थोरै अवसर पाएका हुन सक्छौँ तर हामीलाई यो पनि थाहा छ कि आवाजको अभाव र आफ्नै भूमिमा अपरिचित हुनु भनेको कस्तो हुन सक्छ।

**हाम्रो बौद्ध मान्यता**

हामी अष्ट्रेलियाका मुलवासी (फर्स्ट पिपुल्स) हरूले हामीसँग साझा गरेका उपहारहरू: तिनीहरूको संस्कृति, देशसँगको सम्बन्ध र परिवार तथा समुदायप्रति प्रतिबद्धताहरूका लागि हामी कृतज्ञ छौं। विगत र वर्तमानका गल्तीहरूको लागि तिनीहरूको क्षमाले हामी विनम्र छौं। हामी प्रेम-दया, करुणा र सहानुभूतिपूर्ण आनन्द, सबै चीजहरू बीचको गहिरो सम्बन्धको हाम्रो मान्यता, र ध्यान तथा मन लगाएर सुन्ने हाम्रो अभ्यासहरूमा समानताहरू पहिचान गर्छौं। हामी सत्य बोल्ने आवश्यकतालाई पनि मान्यता दिन्छौं ताकि हामी अन्यायलाई सम्बोधन गर्नको लागि एक साथ रहन सक्छौँ र अष्ट्रेलियालाई घर मान्ने हामी सबैको पीडालाई निको पार्न सँगै आउन सक्छौँ।

**हाम्रो बौद्ध प्रतिक्रिया**

हामी कृतज्ञताका साथ एक अष्ट्रेलिया सिर्जना गर्न सँगै हिंड्ने निमन्त्रणा स्वीकार गर्दछौं, जसमा मुलवासी (फर्स्ट नेशन्स पिपुल्स) हरू र गैर- मुलवासी अष्ट्रेलियाहरू सबैको हितको लागि न्यायपूर्ण तथा एकजुट समाजमा सँगै आउँछन्। हामी अष्ट्रेलियाको विगत र वर्तमानको साँचो हिसाबले आउने उपचारको लागि तत्पर छौं। हामी मुलवासी (फर्स्ट नेशन्स पिपुल्स) का लागि उठ्ने आवाजलाई समर्थन गर्छौं, त्यसैले हामीले हाम्रो समयको जलवायु तथा पारिस्थितिक संकटको सामना गर्दा हामी सबैले उनीहरूको बुद्धि र जीवनको अनुभव तथा प्राकृतिक संसारसँगको उनीहरूको सम्बन्ध र बुझाइबाट लाभ उठाउन सक्छौँ।

**सबै प्राणीमा सुख छावस र सुखहरुको कारण रहोस्**